annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९२ पृष्ठ ८ | काठमाडौं, बिहीबार १७ साउन २०८१ | श्रावण कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४४ | THURSDAY, AUGUST 1, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी




# संघीयता कि मन्त्री–यता ?

संघीयतासँगै हरेक प्रदेशमा मन्त्री बन्ने होडबाजी चल्ने गरेको छ। २०७९ को निर्वाचनपछि सातैवटा प्रदेश सरकार फेरिएका फेरियै छन्। संघीयता जनतालाई सहजता दिनेभन्दा पनि सांसदलाई मन्त्री बनाउने काममै केन्द्रित छ। निर्वाचन भएको डेढ वर्षको अवधिमा नै अधिकांश सांसदहरूले मन्त्री बन्ने अवसर पाइसकेका छन्। नपाउने पनि कसरी मन्त्री पद हात पार्ने भन्ने कसरतमा छन्। यसले गर्दा संघीयताप्रति नै जनतामा नकारात्मक भावना पैदा भएको छ।

२०७९ मा चुनाव भएयता कुन प्रदेशमा कति मन्त्री भइसके ?

| प्रदेश | सांसद संख्या | मन्त्री भएकाको संख्या |
|---|---|---|
| कोशी | ९३ | २९ |
| मधेस | १०७ | ३४ |
| बागमती | ११० | ३७ |
| गण्डकी | ६० | १७ |
| लुम्बिनी | ८७ | ५४ |
| कर्णाली | ४० | १८ |
| सुदूरपश्चिम | ५३ | २६ |

**शिवराज भट्ट** | *धनगढी*
**ललितबहादुर बुढा** | *सुर्खेत*
**केशरराज क्षेत्री** | *बुटवल*
**कृष्णसारु मगर** | *हेटौंडा*
**कृष्णमणि बराल** | *पोखरा*
**रत्नप्रसाद आचार्य** | *धरान*
**शम्भु यादव** | *सिरहा*

– को रिपोर्ट

समाचार पृष्ठ २

## उपभोक्तालाई खुसी बनाएका छौं



**मोहनप्रसाद श्रेष्ठ**

इजलास

एक वर्ष अघिसम्म पाल्पा सदरमुकाम तानसेनमा वर्षायाममा ५ दिनमा एकपटक, हिउँद तथा सुक्खा याममा साता दिनदेखि १२ दिनमा एक पटक उपभोक्ताको धारामा खानेपानी वितरण हुँदै आएको थियो। तानसेन नगरपालिकाको अग्रसरतामा पुरानो समिति विघटन गरी नयाँ तदर्थ समिति बन्यो। तदर्थ समिति बनेको ६ महिनामै पाल्पामा सबै पक्षको प्रतिनिधित्व हुने गरी तानसेन खानेपानी उपभोक्ता समिति गठन भयो।

निर्वाचन लगत्तै अध्यक्षदेखि सदस्यलाई फरक-फरक कामको जिम्मेवारी बाँडफाँट गरियो। सबैले १५/१५ दिनमा आआफ्नो कामको विषयमा बैठकमा छलफल गर्दै आएका छौं। काममा निकै सुधार भएको छ। अहिले उपभोक्ताको घर-घरमा एक दिन बिराएर धारामा पानी वितरण गर्दै आएका छौं। अब हामी थप ३० लाख लिटरको रिजर्व ट्यांकी निर्माणको अभियानमा जुटेका छौं। रिजर्व ट्यांकी निर्माण पूरा भएपछि तानसेनका उपभोक्तालाई दैनिक रूपमा पानी वितरण गर्ने काममा लाग्ने छौं।

अहिले तानसेनमा एउटा ग्राविटी फ्लो र ५ स्थानबाट लिफ्ट प्रणालीबाट पानी संकलन गरी वितरण गर्दै आएका छौं। खानेपानीका जीर्ण भएका पाइपहरू हटाएर नयाँ राख्ने, पानीको चुहावट रोक्ने, बिग्रिएका पानी तान्ने मोटरपम्प मर्मत गर्ने, सबै पम्प स्टेसनमा जगेडा मोटरको व्यवस्था गरेका छौं।

नयाँ घर, ठूला उद्योग, होटल, विद्यालय, कलेज क्याम्पसहरूमा आवश्यकता अनुसारको पानी वितरणको व्यवस्था मिलाएका छौं। नयाँ घर तथा उद्योग, होटल निर्माणका लागि नगरपालिकाबाट अनुमतिपत्रको आधारमा तत्कालै धारा जोडिने व्यवस्था मिलाएका छौं। अहिले तानसेनमा २८ देखि ३० लाख लिटर पानीको आवश्यकता रहेकोमा सहज रूपमा पूर्ति गर्दै आएका छौं। यसपालि सुक्खायाममा समेत हामीले एक दिनको फरकमा उपभोक्तालाई पानी वितरण गर्न सफल भयौं। तानसेनमा पानीको समस्या हटेको सकारात्मक सन्देश दिन समिति सफल भएको छ।

*(श्रेष्ठ तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष हुन्।)*

# एमसीए नेपालले गऱ्यो ३ वटै ४०० केभी सबस्टेसन बनाउने सम्झौता

**अन्नपूर्ण** | *काठमाडौं*

- तनहुँको दमौलीमा निर्माण हुने सबस्टेसनको ठेक्का भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङले पायो।
- नयाँ बुटवल र रातमाटेपछि एमसीए-नेपालको तेस्रो सबस्टेसन निर्माण सम्झौता नयाँ दमौलीको हो।



४०० केभी क्षमताको नयाँ दमौली सबस्टेसन निर्माणको सम्झौता बुधबार भएको छ। एमसीए-नेपालले तनहुँको दमौलीमा निर्माण गर्ने उक्त सबस्टेसनका लागि भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ लिमिटेडसँग ३.८८ करोड अमेरिकी डलर (करिब ५ अर्ब २० करोड रुपैयाँ) को ठेक्का सम्झौता गरेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, नेपालका लागि अमेरिकी राजदूत डीनआर थम्प्सनलगायतको उपस्थितिमा एमसीए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र भारतीय कम्पनीका निर्देशक राजीव अग्रवालले सम्झौतामा हस्ताक्षर गरे। यो सम्झौतासँगसँगै एमसीसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण गर्न लागिएका तीनवटै ४०० केभी सबस्टेसन निर्माणसम्बन्धी सम्झौता सम्पन्न भएको जनाएको छ। निर्माण सम्पन्नपछि नयाँ दमौली सबस्टेसन पनि रातमाटे सबस्टेसन जस्तै १००० मेगा भोल्ट एम्पिएर क्षमताका नेपालकै ठूला सबस्टेसनमध्ये एउटा बन्नेछ। नयाँ बुटवल सबस्टेसनको २०८१ वैशाखमा लिकसन इन्डियासँग भएको थियो। त्यसैगरी, रातमाटे सबस्टेसन पनि सोही भारतीय टेक्नो इलेक्ट्रिक कम्पनीले नै निर्माण गर्ने गरी २०८१ साल जेठमा सम्झौता भएको थियो।

उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सचिव एवं एमसीए-नेपाल सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरेले यो प्रगति एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनका लागि एमसीए-नेपालले गरेका निरन्तर प्रयासहरूको राम्रो संकेत भएको बताए। अमेरिकी राजदूत थम्प्सनले समावेशी एवं दिगो आर्थिक विकासमार्फत नेपालको घरघरमा ऊर्जा पुऱ्याउन, नेपाली अर्थतन्त्रलाई थप ऊर्जा प्रदान गर्न, रोजगारी सिर्जना गर्न र गरिबी न्यूनीकरण गर्न एमसीसी नेपाल कम्प्याक्ट सहयोगी बन्ने विश्वास गरे।

» बाँकी पृष्ठ ६

## म्यानमामा थप ६ महिनाका लागि संकटकाल बढ्यो

**याङगुन** (एएफपी) : म्यानमाको सेनाप्रति बफादार (जुन्टा) ले बुधबार आपतकालीन अवस्थालाई ६ महिनाका लागि विस्तार गरेको छ।

सरकारले आपतकालीन अवस्थाको अवधि थप ६ महिनाका लागि विस्तार गर्ने सर्वसम्मतिले निर्णय गरेको स्थानीय प्रसारक एमआरटिभीले जनाएको छ।

सेनाले सन् २०२० को चुनावमा धोखाधडीको अप्रमाणित आरोप लगाएर सन् २०२१ मा आङ साङ सुकी नेतृत्वको निर्वाचित सरकारलाई सैन्य 'कु'मार्फत हटाएर सत्ताकब्जा गरेको थियो।

स्थापित जातीय अल्पसंख्यक सशस्त्र समूह र नयाँ प्रजातन्त्र समर्थक 'पिपुल्स डिफेन्स फोर्स' द्वारा जुन्टा विरुद्धको सशस्त्र विरोधलाई दमन गर्न संघर्ष गर्दा यसले आपतकालीन अवस्थालाई धेरै पटक विस्तार गरेको छ।

म्यानमाको सेनाले बनाएको सन् २००८ को संविधान जुन्टाले अझै पनि लागू गरिरहेको छ। संविधानले आपतकालीन अवस्था हटेको ६ महिनाभित्र नयाँ चुनाव गर्न निर्देश गरेको छ।

संयुक्त राष्ट्रसंघका अनुसार म्यान्मामा सेना र विपक्षीबीचको झडपका कारण २७ लाख मानिस आफ्नो घर छोड्न बाध्य भएका छन्।

# वैरागीको बहिर्गमन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



अन्ततः राष्ट्रिय सुरक्षा परिषद्का राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास वैरागीले राजीनामा दिएका छन्। पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले वैरागीलाई २०८० जेठ ३२ गते नयाँ पद सिर्जन गरेर वैरागीलाई राष्ट्रिय सुरक्षा सल्लाहकार बनाएका थिए।

२०८१ असार २८ गते विश्वास मत पाउन नसकेपछि तत्कालीन प्रधानमन्त्री दाहाल पदमुक्त भए र उनले नियुक्त गरेका व्यक्तिहरूले पनि दाहालसँग सँगै राजीनामा दिएर बाहिरिए ।

असार ३० गते केपी शर्मा ओली प्रधानमन्त्री भए। तर, वैरागीले पनि पद छोड्नमा आनाकानी गरिरहेका थिए। राष्ट्रिय सुरक्षा सल्लाहकार पदमा आसिन उनी सरकार बदलिए पनि आश्चर्यजनक ढंगले अडिइरहे। अन्नपूर्ण पोस्ट्ले साउन ४ गते राष्ट्रिय सुरक्षा सल्लाहकारको 'आश्चर्यजनक' निरन्तरता भन्ने शीर्षकको समाचार प्रकाशित गऱ्यो र त्यसको ५ दिनपछि साउन ९ गतेदेखि लागू हुने गरी राजीनामा दिएका थिए।

भारतीय राजदूतमा वैरागीको नाम चर्चा थियो। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उनलाई भारतीय राजदूत बनाउन खोजेका थिए तर प्रधानमन्त्री ओलीले नमानेपछि उनको नाम सिफारिस भएन्। भारतीय राजदूतमा वर्तमान राजदूत डा. शंकरप्रसाद शर्मालाई नै निरन्तरता दिने भएको छ। ओलीले सुरक्षा सल्लाहकार पनि नराख्ने मनस्थिति बनाएको प्रधानमन्त्री सचिवालय स्रोतले बताएको छ। ओलीले नै मुख्यसचिव बनाइएका वैरागी पछिल्लो समय कांग्रेसनजिक भएका छन्। वैरागीलाई मुख्यसचिव बनाउँदा पनि अवधिभन्दा पहिला नै अघिल्ला मुख्यसचिव लोकदर्शन सुवेदीलाई राजदूत बनाइएको थियो।

**मुलुकलाई रणनीतिक असर पार्ने योजना गर्दै थिए वैरागी**

वैरागीद्वारा सल्लाहकारले गर्न नहुने र गर्न नसक्ने मुलुकलाई दीर्घकालीन र रणनीतिक असर पार्ने काम गर्ने योजना बुन्दै गरेको खुलासा भएको छ। उनले सीमा सुरक्षा र आन्तरिक सुरक्षालगायत विषयमा योजना बनाउन तयारी गर्दै थिए। राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन पक्षलाई थप व्यावहारिक र प्रभावकारी बनाउने उद्देश्यले भन्दै सातवटै प्रदेशमा समन्वयात्मक भ्रमण गर्ने योजना बनाएका थिए। अन्नपूर्ण पोस्ट्लाई प्राप्त भएको वैरागीको त्यो योजनामा 'राष्ट्रिय सुरक्षा नीतिको भावनाअनुरूप प्रदेशस्तरमा समग्र राष्ट्रिय सुरक्षासम्बन्धी विविध पक्षको समन्वय, सुसूचित तथा निकट भविष्यमा पुनरावलोकनसहित तयार हुने' उल्लेख छ।

सातै प्रदेशको भ्रमण गरी सुरक्षा स्थितिलगायत सम्भावित सुरक्षा चुनौती तथा अन्य समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया सञ्चालन गरी राष्ट्रिय सुरक्षासम्बन्धी प्रतिवेदन तयार गर्ने उनको योजना थियो। उनले कोशी प्रदेशको नामकरणबाट उत्पन्न अवस्थादेखि सीमा सुरक्षा, राजनीतिक अस्थिरता, आर्थिक सुरक्षालगायतका विषयमा केन्द्रित गरेर योजना बनाउने रणनीतिक बनाएका थिए।

कोशी प्रदेशको नामकरण विषयमा भएको विवादमा पनि वैरागीको चासो देखिएको छ। उनको योजनामा नै कोशी प्रदेश, त्यहाँ पहिचानवादीको विषयलाई प्रमुखताका साथ राखिएको छ।

वैरागीको योजनामा कोशी प्रदेश र पूर्वी क्षेत्रका पहिचानवादी संगठनको पृष्ठभूमि आवश्यक कोशी प्रदेशको राजनीतिक, रणनीतिक, राजनीतिक, सामरिक र आर्थिक सूचना र खबर संकलन गर्ने उल्लेख छ।

कोशी प्रदेशको नामकरण, पहिचानवादी तथा अन्य धार्मिक/समाजिक/सांस्कृति विचलन ल्याउने समूहबीचको अन्तरसम्बन्ध र भिन्नता तथा कोशी प्रदेशको वर्तमान घटनाक्रम दक्षिण र पूर्वी जिल्लामा सक्रिया हुनुको कारण, घटनामा बाह्य सहयोग, आर्थिक सहयोगको विषयमा योजनामा उल्लेख छ। पहिचानवादीको नाममा भएको आन्दोलनका सम्पूर्ण घटनामा भएको आर्थिक सहयोग, घटनाक्रमसम्बन्धी बौद्धिक विचलन ल्याउने समूह व्यक्ति र उद्देश्य तथा कोशी प्रदेशका घटनाक्रमले समग्र राष्ट्रिय राजनीतिमा पर्न सक्ने दुरगामी प्रभाव र राज्यकोको तर्फबाट लिनुपर्ने पहलका विषयमा पनि योजनामा छन्।

**राजनीतिक अस्थिरता**

वैरागीको योजनामा राजनीतिकको विषय पनि छ। राजनीतिक अस्थिरता शीर्षकमा निर्वाचन प्रणाली/शासकीय स्वरूप, अस्थिर सरकार, सरकारको अस्थिर नीति, रणनीति तथा कार्यक्रम, अस्वस्थ्य गठबन्धन, राजनीतिक पार्टीप्रतिको वितृष्ण, राष्ट्रिय स्वार्थभन्दा पार्टीगत/व्यक्तिगत स्वार्थ प्राथमिकता, नातावाद/कृपावाद/संरक्षणवाद लगायतका विषयमा पनि योजना थिए।

» बाँकी पृष्ठ ६